## सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद(प्रथम संशोधन) नियमावली, २०७६

स्वीकृत मिति-२०७६/१०/०४

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यो नियमहरुको नाम सार्वजनिक खरिद (प्रथम संशोधन) नियमावली, २०७६ रहेको छ।

(२) यो नियमावली राजपत्रमा प्रकाशन भए पछि प्रारम्भ हुनेछ।

### २. सार्वजनिक खरिद नियमावली२०७५ (यस पछि मूल नियमावली भनिएको) को नियम १०७ मा संशोधनः

*उपनियम (९) को सट्टा देहायको उपनियम (९) राखिएको छ।*

"(९) उपभोक्ता समिति वा लाभग्राही समूहबाट संचालित हुने निर्माण कार्यमा लोडर , स्काइभेट, रोलर, डोजर, ग्रेडर, विटुमिन, डिस्ट्रीव्यूटर अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्न पाइने छैन। तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशीन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने आयोजनामा मितव्ययिता, प्रभावकारिता, सार्वजनिक उत्तरदायित्व र जनसहभागीता साथै समयमै सम्पादन गर्नको लागि उपभोक्ताबाट नगद, स्थानीय सामग्री र जनश्रमदान र नगरले प्राविधिक उपलब्ध गराउन सक्ने प्रतिवद्धता भएमा प्राविधिकको सिफारिसमा नगरकार्यपालिकाको सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सक्नेछ।"

### ३. मूल नियमावलीमा नियम १०७को उपनियम (१७) पछि देहायको उपनियम (१८) र उपनियम (१९) थप गरिएकोछ ।

"(१८) जनसहभागीता एवं लागत सहभागिताः

(क) कार्यक्रम वा आयोजना तर्जुमा , सञ्चालन, अनुगमन तथा मूल्याङ्कन लगायत आयोजनाका प्रत्येक चरणमा अत्यधिक मात्रामा सहभागिता जुटाउने प्रयत्न गर्नु नगर कार्यपालिका र वडा समितिको कर्तव्य हुनेछ ।

(ख) सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति , आयोजनास्थल, उपभोक्ताको क्षमता र नगर कार्यपालिकाले अवलम्वन गरेको नीतिका अधीनमा रही बीस प्रतिशतमा कम नहुने गरी (नगद, श्रम वा स्थानीय सामग्री) निर्धारण गर्नुपर्नेछ। नगद १०% श्रम ५% र स्थानीय सामाग्री ५% हुने व्यवस्था मिलाउनु पर्नेछ । तर स्वास्थ्य चौकी तथा सामग्री , विद्यालय भवन, मठमन्दिर जस्ता सार्वजनिक भवन , बगैंचा मर्मत सम्भार र निर्माण कार्य गर्दा माथि उल्लिखित प्रावधान अनिवार्य हुने छैन।

(ग) सहभागिताको अंश निधार्रण गर्दा अति विपन्न परिवार र लक्षित समूहलाई विशेष सहुलियत दिन सकिने प्रावधान राख्न सकिनेछ । लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई आयोजनाको लाभबाट वञ्चित गराइने छैन ।

(१९) उपभोक्ता समिति सम्बन्धी व्यवस्था :

उपभोक्ता समितिको गठन, सञ्चालन, व्यवस्थापन एवम् कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमका प्रावधानहरू पालना गरिनेछ,

(क) उपभोक्ता समितिका सदस्यले अनिवार्य रुपमा चालु आ .व सम्मको नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर तिरेको हुनुपर्ने छ । उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्बन्धित आयोजनास्थलमा नै सात देखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समितिका सदस्यहरूले आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(ख) नगरपालिकाका बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधिको रूपमा नगरपालिकाको कुनै पनि पदमा आसिन व्यक्ति, बहालबाला सरकारी कर्मचारी , शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरूजु फछ्र्यौट नगरेका व्यक्तिहरू, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सावर्जनिक सम्पति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् ।

(ग) उपभोक्ता समितिका सदस्यहरूमा कम्तीमा चालिस प्रतिशत महिला हुनुपर्नेछ । समितिको अध्यक्ष , सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ । उपभोक्ता समिति गठन गर्दा समावेशी हुनका साथै उपभोक्ता समितिमा आवद्ध व्यक्तिहरू सामान्यतया साक्षर हुनुपर्नेछ ।

(घ) एउटै समयमा एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै एकासगोलका परिवारबाट एकजनाभन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाइने छैन ।

(ङ) उपभोक्ता समिति गठन गर्दा नगरपालिकाले तोकेको कमर्चारी वा सामाजिक परिचालकको रोहबरमा गर्नुपर्नेछ । यसरी खटिने कर्मचारी वा सामाजिक परिचालकले उपभोक्ता समिति गठन गरे पछि सो सम्बन्धी प्रतिवेदन सम्बन्धित नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(च) प्रचलित ऐन , नियम, प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनगुमन समिति गठन गरेको वा सिफारिश गरेको पाइएमा यसरी गठन वा सिफारिश गर्ने कमर्चारी , सामाजिक परिचालक, व्यक्ति वा संस्थालाई समेत कारवाही हुनेछ ।

(छ) उपभोक्ता समितिको गठन सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हनु नसकेको अवस्थामा तोकेको विधि अनुसार खटिएका कर्मचारी वा सामाजिक परिचालकले उपभोक्ता समिति गठन गरी सोको जानकारी सम्बन्धित नगरपालिकालाई गराउनु पर्नेछ ।

(ज) नगरपालिकाबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा पन्ध्र दिन भित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राही समूहलाई जानकारी दिनुपर्नेछ । तोकिएको समयभित्र उपभोक्ता समिति गठन भई आउ न नसकेमा सम्बन्धित नगरपालिकाले सहजीकरण गर्नेछ । उपभोक्ता समिति गठन हुन नसकेमा अन्य बैकल्पिक माध्यमबाट आयोजना सञ्चालन गर्न सकिनेछ ।

(झ) नगरपालिकाले आयोजना ⁄कार्यक्रम छनाटै गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिइनेछ । यसरी नगद सहभागिता तोकिएको अवस्थामा उपभोक्ता समितिको तर्फबाट व्यहोनुपर्ने सहभागिता बापतको रकम नगरपालिकाको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसंग योजना सम्झौता गर्नुपर्नेछ । नगद लागत सहभागिता नजुट्ने गरी आयोजना स्वीकृत भएको अवस्थामा नगरपालिकाले योजना सम्झौता गरी , निर्धारण गरे बमोजिम जनसहभागिता बराबरको काम गरेको प्राविधिक मूल्याङ्कन सहितको प्रतिवेदन प्राप्त भएपछि कार्यप्रगतिको आधारमा आयोजनाको लागि नगरपालिकाले उपलब्ध गराउने रकमबाट भुक्तानी गर्नुपर्नेछ । लागत सहभागिताको व्यवस्था नभएको कुनैपनि योजना उपभोक्ता समिति मार्फत संचालन गर्न पाइने छैन ।

(ञ) कार्यक्रम स्वीकृत नभई विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएका भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनाहरूमा र आ.व.को अन्त्यमा काम भैसकेको देखाई पछि काम गर्ने गरी कुनै पनि हालतमा उपभोक्ता समितिलाई रकम भुक्तानी दिन पाइने छैन । उपभोक्ता समितिले स्वीकृत कार्यक्रम बमोजिम गरेको कामको मात्र भुक्तानी दिइनेछ ।

(ट) तोकिएका काम भन्दा बढी गर्ने वा काम नै नगरी वा वास्तविक कामभन्दा बढी काम गरेको देखाई अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पूरा गरेको देखाई लागत अनुमानभन्दा बढी रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भक्तुानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुको अतिरिक्त सम्बन्धित प्राविधिकलाई समेत कारवाही गरिनेछ ।

(ठ) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार लगायत आयोजना लागत, निर्माण सामग्रीको परिमाण, आयोजनाको गुणस्तर, राख्नुपर्ने खाता, किस्ता निकासा तथा भुक्तानी प्रक्रिया , पारदर्शिता, अनुगमनसम्बन्धी व्यवस्थाका बारेमा कार्यक्रम वा आयोजना सम्झौता हुन पुूर्व एक वा सोभन्दा बढी उपभोक्ता समितिहरूका अध्यक्ष , सचिव र कोषाध्यक्षलाई सामुहिक रूपमा अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

(ड) उपभोक्ता समितिको खाता अध्यक्ष , सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता संचालकहरूको तीनपुस्ते खुलाई आयोजना खाता र नगर कार्यपालिकामा अभिलेख राख्नुपर्नेछ । उपभोक्ता समितिको गठन र यसको बैठकका निर्णयहरूको अभिलेख उपभोक्ता समितिको सचिबले राख्नुपर्नेछ ।

(ढ) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना अनुसुची-११ बमोजिम सार्वजनिक गर्नुको साथै सम्बन्धित उपभोक्ता र नगर कार्यपालिकालाई जानकारी गराउनु पर्नेछ । नगर कर्यपा लिकाबाट कुनै पनि समयमा उपभोक्ता समिति तथा आयोजना कार्यान्वयन गर्ने निकाय वा संघ संस्थाको आर्थिक कारोवारको बारेमा जाँचबुझ वा निरीक्षण गर्न सकिनेछ ।

(ण) उपभोक्ता समिति, गैर सरकारी संस्था वा सामुदायिक संस्थाले आफ्नो खाताबाट पच्चिस हजारभन्दा माथिको आर्थिक कारोबार गर्दा वा भुक्तानी दिँदा बैंक वा वित्तीय संस्थामार्फत गर्नुपर्नेछ ।

(त) सामाजिक परिचालनका माध्यमबाट गठन भएका समूह , सामुदायिक संस्था (जस्तै सामुदायिक वन , सामुदायिक स्तरका सहकारी संस्थाहरू, टोल विकास संस्था, आमा समूह, कृषि समूह, सामुदायिक संगठन आदि) कार्यक्रम वा आयोजना सञ्चालन गर्न इच्छुक भएमा छुट्टै उपभोक्ता समिति गठन नगरी सञ्चालन गर्न सकिने भएमा त्यस्ता समूह मार्फत कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(थ) उपभोक्ता समिति मार्फत सञ्चालन गरिने आयोजनाहरू श्रममूलक प्रविधिमा आधारित रही स्थानीय श्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनु पर्नेछ ।

(द) श्रममूलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी मेशीनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी उपभोक्ता समितिलाई भुक्तानी गरिए को रकम मूल्यांकन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेछ ।

(ध) आयोजना कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन अनुसूची-१२ को ढाँचामा सम्झौतामा तोकिए बमोजिमको समयमा नगर कार्यपालिकामा पठाउनु पर्नेछ ।

(न) नगरपालिकाले आयोजना सञ्चालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समिति , सामुदायिक संस्था एवम् गैर सरकारी संघ संस्थाको अभिलेखीकरण गरी अनुसूची-१५ बमोजिम लगत व्यवस्थित गर्नुपर्नेछ ।

(प) उपभोक्ता समितिसँग सम्झौता गर्नु अगाडि नगर कार्यपालिकाको योजना शाखा वा योजना सम्बन्धी काम गर्ने कर्मचारीले प्रचलित कानून, कार्यविधि, निर्देशिका बमोजिम आवश्यक कागजात सहित उपभोक्ता समिति गठन भए नभएको बारे एकिन गरी आफ्नो स्पष्ट राय साथ सम्झौताका लागि निर्णय गर्ने अधिकारी समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नुपर्नेछ ।

(फ) नगर कार्यपालिका र उपभोक्ता समिति वीचमा हुने सम्झौता पत्रमा आयोजनाको लागत , कार्य प्रारम्भ र सम्पन्न हुने अवधि, उपभाक्तो समितिले गर्ने योगदानको प्रकार र रकम , सम्बन्धित उपभोक्ताद्वारा सञ्चा लन र मर्मत

सम्भार गर्नुपर्ने विषय आदि उल्लेख गर्नुपर्नेछ । उपभोक्ता समितिले काम गर्ने गरी सम्झौता गरेका योजना , आयोजना उपभोक्ता समितिले ठेक्का लगाउन पाउने छैन । उपभोक्ता समितिले ठेका लगाएमा त्यस्तो उपभोक्ता समितिसँग नगर कार्यपालिकाले सम्झौता भंग गरी त्यस्तो उपभोक्ता समितिका सदस्य तथा पदाधिकारीहरुलाई कालोसूचीमा राखिनेछ ।

(ब) उपभोक्ता समितिलाई नगर कार्यपालिकाले लागत अनुमान तयार गर्ने , प्राविधिक सल्लाह दिने, जाँचपास लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनेछ । नगर कार्यपालिकाबाट प्राविधिक सेवा उपलब्ध गराउन कु नै कारणले सम्भव नभएमा सम्झौतामा उल्लेख गरी तोकिएको खर्चको सीमा भित्र रही उपभोक्ता समितिले आफ्नै तर्फबाट करारमा प्राविधिक नियुक्त गर्न वा प्राविधिक सहयोग लिन सक्नेछ ।

(भ) उपभोक्ता समितिले कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समूहको निर्णयको आधारमा गर्ने , आयोजनाको निर्माण कार्य नगर कार्यपालिकाको तर्फबाट तोकिएको प्राविधिकले तयार गरेको लागत अनुमान तथा प्राविधिक सल्लाहको अधीनमा रही गर्ने र आयोजना कार्यान्वयन गर्दा स्थानीय स्रोत, साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्ने गरी गर्नुपर्दछ ।

(म) उपभोक्ता समितिले मासि क रूपमा बैठक बस्नुपर्ने , बैठकबाट भएको निर्णय नगर कार्यपालिकालाई जानकारी गराउने, आयोजना सञ्चालन, संरक्षण र मर्मत सम्भार गर्ने, आफूले जिम्मा लिएको काम निर्धारित समयमा सम्पन्न गर्न नसकेमा उपभोक्ता समुहको निर्णय सहित थप म्याद माग गर्ने , कार्यक्रम कार्यान्वयन संग सम्वन्धित सम्पूर्ण खर्चहरूको बिल भरपाई सुरक्षित राख्ने , सम्बन्धित कामको प्रगति बिबरण नगरपालिकामा उपलब्ध गराउने , कामको फरफारक गराउनु अघि समीक्षाको लागि उपभोक्ता समूहको बैठक बोलाई बैठकमा राखी छलफल गराउने, यस्तो बैठकको उपस्थिति र निर्णयको प्रतिलिपि नगर का र्यपालिकामा प्रस्तुत गर्ने आदि कार्य सम्पादन गर्नुपर्नेछ ।

(य) उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्य शुरू तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्वन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन नगर कार्यपालिकामा प्रस्तुत गर्नुपर्दछ ।

(र) उपभोक्ता समिति मार्फत गरिएको निर्माण वा सञ्चालन गरेको कार्यक्रमको जानकारी स्थानीय जनताले माग गरेमा उपभोक्ता स मितिले उपलब्ध गराउनुपर्नेछ । यसरी माग गरेको विवरण उपलब्ध नगराएको भनी सम्वन्धित उपभोक्ताले उपभोक्ता समिति भंग गर्न माग गरेमा नगर कार्यपालिकाले सो विषयमा सत्य तथ्य बुझी उपभोक्ता समितिको पुनगठन गर्न, समिति भंग गर्न वा अन्य माध्यमबाट कार्य सम्पन्न गर्न सक्नेछ ।

(ल) उपभोक्ता समिति मार्फत सञ्चालन हुने वा निर्माण हुने विकास निर्माण कार्यको स्थलगत अनुगमन गर्ने जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ ।

(व) उपभोक्ता समितिले कामको लागि नियमानुसार लिएको पेश्की फर्छ्यौट गर्दा प्रथम किस्ताको प्राविधिक मूल्याङ्कन , सम्झौता अनुसारको नाप जाँच र मूल्य खुलेको रनिङ्गविल , उपभोक्ता समितिको बैठकको प्रतिलिपि समेत राखी

नगर कार्यपालिकामा निवेदन दिनुपर्नेछ । यस विवरणको आधारमा अघिल्लो किस्ताको पेश्की फर्छ्यौट गरी थप कामको मात्र अर्को किस्ता कायम गरी सोही वरावरको रकम उपलब्ध गराईनेछ । उपभोक्ता समिति स्वयमले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्नेछ ।

(श) उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि प्राविधिक जाँचपास र कार्यसम्पन्न प्रतिवदेन प्राप्त गरी नगर कार्यपालिकाका प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ । फरफारकका लागि उक्त सार्वजनिक परिक्षणको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ । अन्तिम भुक्तानी दिंदा उक्त योजनाको फोटो र सो अनुसार निर्माण भएको हो भनी उपभोक्ता समितिको निर्णय तथा उपभोक्ता समितिका अध्यक्ष , सचिव र कोषाध्यक्षको दस्तखत गराई सम्बन्धित फाईलमा समावेश गर्नु पर्नेछ ।

(ष) उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ । यसरी आयोजनाको हस्तान्तरण भएमा नगर कार्यपालिकाको सह मति लिई उपभोक्ता समितिले सेवा शुल्क लिन र सोको नियमित मर्मत सम्भार र सञ्चालनको व्यवस्था गर्न सक्नेछ । यसका लागि आवश्यकता अनुसार कार्यक्रम तथा आयोजना सञ्चालन कार्यविधि तयार गरी नगर कार्यपालिकाबाट स्वीकृत गरी लागू गर्न सकिनेछ ।

(स) नगर कार्यपालिका आफैले संचा लन गरेको वा उपभोक्ता समिति , गैर सरकारी संस्था लगायत अन्य सामाजिक संघसंस्था मार्फत सञ्चालन गरिने तालिम, गोष्ठि, सेमिनार, अभिमुखीकरण कार्यक्रम, कार्यशालाजस्ता कार्यक्रमहरूको भुक्तानी गर्दा उक्त कार्यक्रम सचांलन गर्ने विषयमा भएको निर्णय , कार्यक्रम संचालन भएको स्थान र कार्यक्रम अवधि, कार्यक्रमको उद्देश्य र अपेक्षित उपलब्धि , कार्यक्रमका सहभागीको उपस्थिति , कार्यक्रमको कार्यतालिका, कार्यक्रममा प्रस्तुत भएको कार्यपत्रको प्रतिलिपी, कार्यक्रम संचालन गर्दाको अवस्थाका तस्वीरहरू सहित आर्थिक प्रशासन नियम बमोजिमका अन्य बी ल भर्पाइ र कागजात संलग्न गरी कार्यसम्पन्न प्रतिवेदनका आधारमा गर्नुपर्नेछ।

(ह) उपभोक्ता समितिले आयोजनाहरू संचालन गर्दा तोकिए बमोजिमको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेबारी सम्बन्धित प्राविधिक कर्मचारी , अन्य कर्मचारी , उपभोक्ता समिति र अनुगमन तथा स हजीकरण समितिको हुनेछ ।

(क्ष) अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति , प्राविधिक कमर्चारी र सम्बन्धित कर्मचारीलाई नगर कार्यपालिकाको निर्णय बमोजिम वार्षिक रूपमा पुरस्कार प्रदान गर्न सकिनेछ ।

(त्र) अनुगमन तथा सहजीकरण समितिको सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ ।

अ) उपभोक्ता समिति वा ठेक्कापट्टा जुनसुकै प्रक्रियाबाट कायत्र् ्रम वा आयोजना संचालन वा कार्यान्वयनमा अनुगमन एवम् सहजीकरण गर्न सम्बन्धित आयोजना वा कार्यक्रमबाट प्रत्यक्ष लाभ हासिल गर्ने परिवार मध्यबोट कम्तीमा दुई जना महिला र वडा समितिबाट एकजना प्रतिनिधि समेत रहने गरी पाँच सदस्यीय अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ ।

आ) खण्ड (क) बमोजिमको समिति ठेक्कापट्टाबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा कार्यक्रम वा आयोजना प्रारम्भ हुनुभन्दा पहिले सो आयोजनामा खटिएका कर्मचारीले र उपभोक्ता समितिबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा सम्झौता हुनुपूर्व आयोजना अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ । कार्यक्रम वा आयोजनाको अन्तिम भुक्तानी एवम् फरफारक गर्नुपूर्व यस्तो समितिको सिफारिश आवश्यक पर्नेछ ।

इ) आयोजना संचालनको क्रममा बाधा अवरोध आइपरेमा आवश्यक सहजीकरण गर्ने , सम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परिक्षण गर्ने तथा नगरपालिकासँग गरेको सम्झौता र प्रचलित कानून बमोजिम कार्यक्रम तथा आयोजना सचांलन भएको नपाइएमा सम्बन्धित उपभोक्ता समितिका सदस्यहरूलाई र नगर कार्यपालिकालाई सोको जानकारी गराउनु कार्यक्रम वा आयोजना अनुगमन तथा सहजीकरण समितिको कर्तव्य हुनेछ।

ई) समितिले आयोजना सम्पन्न भएको सात दिनभित्र आयोजनाको अन्तिम भुक्तानी र फरफारकको निम्ति सिफारिस गर्नु पर्नेछ।समितिले आफ्नो दायित्व र जिम्मेवारी निर्वाह नगरेको , भुक्तानी र फरफारकको लागि सिफारिस नगरेको कारणबाट प्रचलित कानून बमोजिम भए गरेका कार्यको भुक्तानी दिन, फरफारक गर्न लगायतका थप कार्यहरू अगाडि बढाउन बाधा परेको मानिने छैन ।

उ) नगर कार्यपालिकाले कार्यक्रम वा आयोजना अनुगमन समितिको थप जिम्मेवारी र आचार संहिता निर्धारण गर्न सक्नेछ । यस्तो व्यवस्था आयोजना सम्झौता फाराममा उल्लेख गर्नुपर्नेछ ।

उ) आयोजना सुपरिवेक्षण र अनुगमन समितिले आयोजना निर्माण सम्बन्धमा भएको प्रगति विवरण उपभोक्ता समिति र नगर कार्यपालिकालाई उपलब्ध गराउने , आयोजना सञ्चालनबाट स्थानीय जनतालाई पुगेको सुविधा, सेवाको गुणस्तर, सेवामा वृध्दि गराउनु पर्ने अवस्था आदिको सुपरिवेक्षण गरी जानकारी लिने , आयोजना सञ्चालनको क्रममा देखा परेका वाधा ब्यवधान हटाउनको लागि उपयुक्त सुझाव सहितको सिफारिस सम्वन्धित उपभोक्ता समिति र नगरपालिकामा पेश गर्ने तथा उपभोक्ता समितिले नगर कार्यपालिकासँग गरेको सम्झौता र प्रचलित कानुन बमोजिम कार्यक्रम तथा आयोजना सञ्चालन भएको नपाइएमा सोको जानकारी नगर कार्यपालिकामा गराउने दायित्व र जिम्मेवारी निर्वाह गर्नुपर्नेछ। ”

**४. मूल नियमावलीमा नियम १०९ पछि देहायको नियम १०९क थप गरिएको छ ।**

“१०९क. सार्वजनिक निजी साझेदारी :

(१) नगर कार्यपालिकाले सञ्चालन गर्ने विकास निर्माण लगायत सेवा खरिद र सेवा प्रवाहका कार्य सार्वजनिक निजी साझेदारी अन्तर्गत गराउन सक्नेछ ।

(२) निजीक्षेत्र आकर्षित हुनसक्ने सम्भावित क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूमा साझेदारीमा काम गर्न नगर कार्यपालिकाले निजी क्षेत्रलाई आह्वान गर्नुपर्नेछ ।

(३) यसरी कार्य गराउँदा सार्वजनिक निजी साझे दारी नीति, २०६० एवम् सार्वजनिक निजी साझेदारी कार्यविधि (नगरपालिकाको लागि), २०६१ बमोजिम गर्नु गराउनु पर्नेछ ।

(४) नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका गैर सरकारी संस्था, निजी क्षेत्र, सामुदायिक संस्थाबाट सञ्चालन हुने कार्यक्रम वा आयोजनामा परिपूरकता कायम गर्नुका साथै यस्ता संस्थाहरूसँग साझेदारीमा कार्यक्रम वा आयोजनाहरू सञ्चालन एवम् कार्यान्वयन गर्न सक्नेछ। ”

**५. मूल नियमावलीमा नियम १५४ पछि देहायको नियम १५४क थप गरिएको छ ।**

“१५४क. आयोजना व्यवस्थापन सेवा (कन्टेन्जेन्सी) खर्च सम्बन्धी व्यवस्था :

(१) नगर कार्यपालिकाबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनालाई कार्यकुशलता , प्रभावकारिता तथा मितव्ययिताको सिध्दान्तअनुसार संचालनमा सहयोग पुर्याउन पूँजिगत लगानीको समष्टिगत रकमबाट नगरपालिकाले बढीमा तीन प्रतिशतसम्म रकम छुट्याई खर्च गरिनेछ । यस्तो खर्चको हिसाब अनुसूची -९ बमोजिमको ढाँचामा राखिनेछ ।

तर, कन्टिन्जेन्सी रकम खर्च गर्दा कुल पूँजिगत खर्चको अनुपातमा मात्र खर्च गर्न पाईने छ ।

(२) उपदफा (१) बमोजिम छुट्याएको रकमको खर्च सम्बन्धी कार्ययोजना नगर सभाबाट स्वीकृत शीर्षकको अधीनमा रही देहायका क्रियाकलापहरूमा मात्र खर्च गर्नुपर्नेछ ,

क) आयोजना सर्वेक्षण वा सम्भाव्यता अध्ययन, डिजाइन, ड्रइङ लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययनसम्बन्धी खर्च,

ख) समावेशी र सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षणसम्बन्धी खर्च,

ग) आयोजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टरसम्बन्धी खर्च,

घ) कार्यक्रम वा आयोजनाको सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन, जाँचपास तथा प्रतिवेदनसम्बन्धी,

ङ) सामाजिक परीक्षण, सावर्जनिक सुनुवाई, गुनासो व्यवस्थापन तथा कार्यविधिमा उल्लिखित पारदर्शिता र उत्तरदायित्व कायम गर्ने गराउने विषय,

च)  उपभोक्ता समिति गठन, अभिमुखीकरण र उपभोक्ता समितिको प्रशासनिक तथा प्राविधिक सेवा खर्च,

छ)  आयोजना व्यवस्थापनका लागि चाहिने अत्यावश्यक प्राविधिक उपकरणहरू,

ज)  गुणस्तर परीक्षणका लागि प्रयोगशाला स्थापना गर्न आवश्यक खर्च,

झ)  आयोजनासँग सम्बन्धित सामाजिक परिचालन कार्य ।

(३)  योजना तर्जुमा गर्दाका वखत एकमुष्ट रूपमा कन्टेन्जेन्सी छुट्टयाएको रहेछ भने आयोजनागत रूपमा छुट्टै कन्टेन्जेन्सी रकम छुट्याउन पाइने छैन। ”

**६. मूल नियमावलीमा नियम १५९ पछि देहायको नियम १५९क थप गरिएको छ ।**

“*१५९क. आयोजना जाँचपास र फरफारकसम्बन्धी व्यवस्था :*

(१)  नगरकार्यपालिकाले  आयोजना सम्पन्न भएको जानकारी प्राप्त भएपछि भौतिक पूर्वाधार आयोजनाको हकमा सम्बन्धित प्राविधिकले पेश गरेको अन्तिम मूल्यांकन कार्य सम्पन्न प्रतिवेदन र सार्वजनिक परीक्षणको प्रतिवेदन तथा अन्य क्रियाकलापको हकमा सार्वजनिक परीक्षणको प्रतिवेदनको आधारमा तीस दिनभित्र आयोजना जाँचपास तथा फरफारक समितिले आयोजनाको जाँचपास गर्नुपर्नेछ।

(२)  नगरस्तरीय जाँचपास तथा फरफारक समिति देहाय अनुसार हुनेछ :

| | | |
|---|---|---|
| नगरप्रमुख वा नगर प्रमुखले तोकेको पदाधिकारी | - | संयोजक |
| नगरकार्यापालिकाको सम्बन्धित विषयगत समितिको संयोजक | - | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | - | सदस्य |
| प्राविधिक शाखाबाट एक जना इन्जिनियर | - | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य सचिव |

(३) वडास्तरीय जाँचपास तथा फरफारक समिति देहाय अनुसार हुनेछ:

| | | |
|---|---|---|
| वडाध्यक्ष वा निजले तोकेको सदस्य | - | संयोजक |
| वडाको महिला सदस्य वा दलित महिला एक जना | - | सदस्य |
| वडा सचिव | - | सदस्य सचिव |